नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(................गुणस्तर ... मापन महाशाखा.....शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या ०७७/७८
पत्र संख्या :-
चलानी नं. :- ९३६

मिति : २०७८।०२।१८

विषय :- सेवा शुल्क सार्वजनिक गर्ने सम्वन्धमा।

श्री सवै अस्पताल तथा स्वास्थ्य संस्थाहरु,
(सरकारी, निजी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु सवै)।

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण, निदान तथा विरामीको उपचार व्यवस्थापनमा पुर्याएको योगदान प्रति यस मन्त्रालय सवै अस्पताल, स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुमा उच्च सम्मान गर्दै भावि दिनमा समेत यस प्रकारको सहयोगको अपेक्षा गर्दछ।

यस विषम परिस्थितिमा समेत कतिपय स्वास्थ्य संस्थाहरुले विरामीको उपचार वापत चर्को शुल्क असुल उपर गरेको, विरामीको लागि अत्यवश्यक प्राणवायु (अक्सिजन) को समेत अत्याधिक शुल्क लिएको, अनावश्यक परीक्षण गर्न लगाई विरामी माथि थप आर्थिक व्ययभार वढाएको, उपचारको लागि आवश्यक पर्ने सामग्रीहरुको वन्दोवस्त गर्न विरामी आफैलाई लगाउने गरेको, आवश्यकता भन्दा वढि औषधि तथा स्वास्थ्य सामाग्री खरिद गर्न लगाएको लगायत विभिन्न गुनासाहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकार मार्फत र कतिपय गुनासाहरु पत्रपत्रिका मार्फत एवं कतिपय गुनासाहरु सोझै यस मन्त्रालयमा प्राप्त हुन आएकोले सो सम्वन्धमा यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएकोछ ।

विरामीको उपचार वापत लाग्ने रकम वारे जानकारी पाउनु प्रत्येक नागरिकको अधिकार हो भने विरामीको उपचार शुल्क सार्वजनिक र पारदर्शी गर्नु हरेक स्वास्थ्य संस्थाको कानूनी एवं नैतिक कर्तव्य हो ।अतः सवै अस्पताल तथा स्वास्थ्य संस्थाहरुले ७ (सात) दिन भित्र आफ्नो अस्पताल तथा स्वास्थ्य संस्थावाट प्रवाह हुने सेवाको प्रकार र सो को लागत रकम शीर्षक समेत उल्लेख भएको मूल्य सूची (शुल्क) संचालक समिति/वोर्ड/आधिकारिक निकाय वाट निर्णय गराई अनिवार्य रुपमा आ-आफ्नो Web Site मार्फत सार्वजनिक गर्ने, सूचना पाटिमा सवैले देखे गरी राखे र सो को जानकारी स्वास्थ्य संस्था संचालन ईजाजतपत्र दिने तथा नवीकरण गर्ने निकाय समक्ष पठाउनु हुन अनुरोध छ ।

........................
(डा. मदन कुमार उपाध्याय)
महाशाखा प्रमुख

**वोधार्थः**

श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।

श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, प्रदेश नं.२, वागमती प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्वनि प्रदेश र गण्डकी प्रदेश ।

श्री एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल, पुतलीसडक, काठमाण्डौं ।
*-आवश्यक सहयोग, समन्वय एवं सहजिकरण गरी दिनु हुन अनुरोध छ ।*

श्री एसोसिएसन अफ प्राइभेट हेल्थ इन्ष्टिच्युसन अफ नेपाल (अफिन), कुपण्डोल, ललितपुर ।
*-आवश्यक सहयोग, समन्वय एवं सहजिकरण गरी दिनु हुन अनुरोध छ ।*

Scanned with CamScanner